# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, चैत १३ गते २०४२ साल (अतिरिक्ताङ्क ५६

## भाग ३

श्री ५ को सरकार

### पंचायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

वर्गीय संगठन (दोस्रो संशोधन) नियमावली, २०४२

वर्गीय संगठन नियमावली, २०३७ लाई संशोधन गर्न वान्छनीय भएकोले, वर्गीय संगठन ऐन, २०३६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "वर्गीय संगठन (दोस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. वर्गीय संगठन नियमावली, २०३७ मा नियम १४ क. थप : वर्गीय संगठन नियमावली, २०३७ को नियम १४ पछि देहायको नियम १४ क. थपिएको छ :–

"१४ क. संगठनको सदस्यता प्राप्त गर्ने विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन आयोगले कुनै तहको पञ्चायतको निर्वाचनको मिति तोकेको सूचना वा निर्वाचनको कार्यक्रम प्रकाशित गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मितिदेखि उक्त निर्वाचन सम्पन्न नभएसम्मको अवधिभरको लागि ऐनको दफा ५ को उप-दफा (१) बमोजिमको व्यक्तिले आफ्नो योग्यतानुसार सम्बन्धित संगठनको सदस्यता प्राप्त गर्न चाहेमा त्यस्तो व्यक्तिले कुनै पनि बैंङ्कमा सदस्यता शुल्क बापत एक रूपैयाँ बुझाई रसिद प्राप्त गरेपछि निजलाई सो संगठनको सदस्यता स्वत: प्राप्त हुनेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि कुनै तहको पञ्चायतको "निर्वाचन" भन्नाले सो पञ्चायतको उप-निर्वाचन-लाई समेत जनाउँछ ।

(२) उप-नियम (१) बमोजिमको सदस्यता शुल्क बढीमा पाँच वर्षसम्मको लागि एकै पटक बुझाउन सकिनेछ ।"

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
622
मुद्रण विभाग, सिंहदरबार